मिति: २०७४ साल असार २४ गते शनिबार २५ गते आइतबार
समय: ११.०० बजे
स्थान: गाउँकार्यपालिकाको सभाहल ।

यस देवघाट गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष श्री दुर्गाबहादुर थापा ज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारी हरुको उपस्थितिमा निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिति

श्री दुर्गाबहादुर थापा - अध्यक्ष
श्री बिमला थापा - उपाध्यक्ष
श्री भीमबहादुर गुरुङ - १ नं. वडाध्यक्ष
श्री पोमबहादुर काले - २ नं. वडाध्यक्ष
श्री रतिमान काले - ३ नं. वडाध्यक्ष
श्री पदमबहादुर गुरुङ - ४ नं. वडाध्यक्ष
श्री यालबहादुर गुरुङ - ५ नं. वडाध्यक्ष
श्री चन्द्रप्रसाद वि.क. - कार्यपालिका सदस्य
श्री रत्नबहादुर घर्ती - " "
श्री बालकुमारी परियार - " "
श्री भोगीमाया राना - " "
श्री अनिता गुरुङ - " "
श्री यममाया गुरुङ - " "
श्री फुलमाया वि.क. - गाउँपालिका सदस्य
श्री टंककुमारी छेत्री - " "
श्री कालीमाया दर्जी - " "
श्री दुर्गामान गुरुङ - " "
श्री मनमाया वि.क. - " "
श्री नरमाया गुरुङ - " "
श्री नानुमाया वि.क. -
श्री हरिजंग रहेती -
श्री पशुपति तिवारी -
श्री भोजराज कैलावती -
श्री ... थापा -

श्री दुर्गाबहादुर गुरुङ - गाउँपालिका सदस्य
श्री चुमबहादुर राना -
श्री टंकनाथ अधिकारी -
श्री नारायण प्रसाद चापागाई - सचिव एवं कार्यवाहक प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति
श्री विष्णु प्रसाद ढकाल - लेखापाल
श्री बुद्धि प्रसाद भुसाल - नायब सुब्बा

प्रस्तावहरू
(१) गाउँसभाको बजेट अधिवेशन बैठक सम्बन्धमा ।
(२) वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्धारण सम्बन्धमा ।

निर्णयहरू
निर्णय नं. (१) प्रस्ताव नं. १ माथि छलफल गर्दा गाउँसभाको (बजेट अधिवेशन) बैठक यहि २०७४ साल असार ३० गते शुक्रवारको दिन दिनको ठीक २:०० बजे गाउँकार्यपालिकाको सभाहल देवघाटमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. (२)
प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रत्येक वडाबाट प्राप्त हुन आएका विषयक्षेत्रगत नीतिहरू, कार्यक्रमहरू र योजनाहरूमाथि सम्बन्धमा व्यापक छलफल गरी तपसिलका नीतिहरू, कार्यक्रमहरू सहितको बजेट बाँडफाँड गर्ने निर्णय गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

(क) नीतिगत निर्णयहरू:
विविध समानीकरण अनुदान र सशर्त अनुदानबाट प्राप्त बजेटभित्रबाट स्थानीय कार्यक्रमहरू सञ्चालन गर्दा गाउँपालिका बजेटबाट गाउँकार्यपालिकाको तर्फबाट ७५ प्रतिशत र उपभोक्ताहरूको तर्फबाट लागत सहभागिता स्वरूप न्यूनतम २५ % रहनेगरी आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने

वडापत्रलाई निर्माणमा रक्खोप गर्ने निर्णय गरियो

**नीतिगत निर्णयहरुः**

- कुनै पनि आयोजना वा कार्यक्रम सञ्चालन गर्दा ७५% गा.पा. र कम्तिमा २५% लागत सहभागिता हुने गरि कार्यान्वयन गर्ने ।
- गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुमा जनशक्तिको अभावका कारण सेवा प्रवाहमा समस्या भएकोले तत्कालका लागि प्रत्येक वडामा २ जना स्वयसेवक (न्युनतम शैक्षिक योग्यता एस.एल.सी.), गाउँपालिका कार्यालयमा ३ जना कार्यालय सहयोगी तथा दुई जना सहायक स्तरको जनशक्ति सेवा करारमा राख्ने र संगठन तथा व्यवस्थापन सर्वे गरि आवश्यकता अनुसार दरवन्दी सिर्जना र संगठन संरचना निर्धारण गरिनेछ ।
- आर्थिक वर्ष २०७४/०७५ भित्रमा गाउँकार्यपालिकाले आवश्यक संख्यामा मोटरसाईकल, स्कुटर, गाडी, एउटा डोजर र प्रत्येक वडा कार्यालयलाई एउटा sound system र Digital Camera किन्ने प्रक्रिया अगाडी बढाउने ।

**शिक्षा तर्फः**

- प्रत्येक विद्यालमा अविभावक शिक्षा सम्बन्धी अभिमुखिकरण तालिम दिने, नयाँ व्यवस्थापन समिति गठन गर्ने, अनिवार्य अतिरिक्त कृयाकलाप, प्रत्येक महिनाको अन्तिम दिन समिक्षा वैठक गर्ने, सुझाव पेटिका अनिवार्य राख्ने, विद्यालयमा अनिवार्य रुपमा गुनासो तथा सुचना अधिकारीको व्यवस्था गर्दै जाने नीति लिइनेछ ।
- सम्पुर्ण मा.वि. तहमा अनिवार्य Science Lab, Library, Computer Class हुनु पर्ने र नि.मा.वि.मा आवश्यकता अनुसार राख्ने ।
- प्रत्येक विद्यालयले निश्चित आचारसंहिता (मोबाईल निषेध, अनिवार्य रुपमा पोशाक लगाउने) बनाई लागु गर्ने ।
- प्रत्येक विद्यालयमा अनिवार्य रुपमा पर्खाल लगाउने, क्यान्टिनको व्यवस्था गर्ने, जङ्कफुड तथा मदिरा निषेध गर्ने व्यवस्था गरिनेछ ।
- विद्यालयको जिन्सी सामान लिलाम र मर्मत गर्ने ।
- शिक्षा दिवसको उपलक्ष्यमा गाउँपालिकाबाट विद्यालयमा आधारभुत स्तरिय र मा.वि. स्तरिय अतिरिक्त कृयाकलाप गर्ने र उत्कृष्ट शिक्षक, उत्कृष्ट व्यवस्थापन समिति, उत्कृष्ट विद्धयार्थीलाई सम्मान पत्र वितरण गर्ने ।

- विद्ध्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गर्ने नीति लिइनेछ ।
- प्रत्येक विद्यालयमा मातृभाषा सहित नेपाली र अंग्रेजी दुवै भाषामा Translation गर्ने शिक्षकको व्यवस्था गरिनेछ ।
- SEE उत्तिर्ण अल्पसंख्यक र दलित समुदायका जेहेन्दार एउटा छात्र र एउटा छात्रा गरी २ जनालाई गा.पा. बाट कृषी र पशु विषयमा १८ महिने निशुल्क शिक्षा दिने व्यवस्था गरिनेछ ।
- प्रत्येक विद्यालयमा अक्षय कोष स्थापनाका लागि विऊ पूँजी दिने । विद्ध्यार्थी संख्याको आधारमा भु.पु. विद्ध्यार्थी संघ गठन गरि धेरै रकम संकलन गर्न लगाउने र विद्ध्यार्थीलाई छात्रवृत्ती दिने ।
- विद्यालयलाई छात्रामैत्री, अपांगमैत्री, वातावरण मैत्री, वाल मैत्री बनाउने क्रियाकलाप संचालन गर्ने नीति लिइनेछ ।
- सबै विद्यालयमा अनिवार्य रुपमा शौचालयको व्यवस्था र सेनेटरी प्याडको व्यवस्था ।
- प्रत्येक विद्यालयले वालविकास केन्द्र सञ्चालन गरि शिक्षिकालाई तालिम र उचित तलवको व्यवस्था र खेल सामग्री, नाचगानको उचित व्यवस्थापन गर्ने नीति लिइनेछ ।

<u>स्वास्थ्यतर्फः</u>

- वडा नं. ५ को स्वस्थ्य चौकी painting मर्मत गर्ने ।
- वडा नं. २ को वडा कार्यालयमा स्वास्थ्य चौकी हस्तान्तरण गर्ने ।
- वडा नं. १ को वडा कार्यालय मर्मत र प्रसुती गृह निर्माण गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि प्रोत्साहन स्वरुप थप सुविधा दिने नीति लिइनेछ ।
- पूर्ण स्वास्थ्य विमा अनिवार्य गराउने र आर्थिक रुपमा विपन्न कमजोरलाई गा.पा. तर्फबाट उचित सुविधको प्रबन्ध गर्दै जाने नीति लिइनेछ ।
- २०७४ भदौभित्रमा वडा अध्यक्षको पहलमा स्वास्थ्य विमा सम्बन्धी अभिमुखिकरण संचालन गर्ने र उपचार केन्द्रका लागि जिल्ला अस्पताल तनहुँ दमौली, भरतपुरको CMC अस्पताल र अन्य संघ संस्थासँग समन्वय गरिनेछ ।

अधिकृत

- आदिवासि जनजाति दलित समुदाय र विद्यालय स्तरमा वाल विवाह न्युनिकरण सम्बन्धी चेतनामुलक कार्याक्रम संचालन गर्ने तथा १८ वर्ष उमेर नपुगेसम्म वडा कार्यालयमा विवाह दर्ता नगराउने, भोज भतेर वहिष्कार गर्ने नीति लिइनेछ ।
- सामाजिक परम्परा अनुसार गरिदै आएको ३ दिने भोज भतेरको सट्टा १ दिनको मात्र गर्ने गराउने नीति लिइनेछ ।
- सुनौलो हजार दिन कार्यक्रमको प्रचार प्रसार गर्ने र २० वर्ष पछि मात्र बच्चा जन्माउने मान्यताको अभिमुखिकरण गराइनेछ ।
- गर्भवती महिलाको पति, सासु, ससुराको लागि गर्भवती महिलाको स्वास्थ्य सम्बन्धी जानकारी दिने र प्रत्येक महिनाको १ पटक गर्भवती महिला स्वास्थ्य चौकी आएर स्वास्थ्य परिक्षण गराउँदा १००/- रुपैंया खाजा खर्च दिने ।
- अल्पसंख्यक र दलित समुदायबाट अस्पतालमा गएर बच्चा जन्माएमा प्रति बच्चा रु. ५००/- प्रदान गर्ने नीति लिइनेछ ।
- प्रत्येक वडाहरुमा हुने मृत्यु संस्कारमा जाँदा जनप्रतिनिधीहरुले समवेदनापत्र र अधिकतम रु. २००/- सम्मको भेटी सहित सहभागिता जनाउने निति लिने ।
- गणतन्त्र दिवसको उपलक्ष्यमा (जेठ १५ गते का दिन) उत्कृष्ट समाजसेवी, कृषक, पत्रकार, युवा उद्धमी, कर्मचारी, विद्ध्यार्थी आदि लगायतका समुहहरुलाई सम्मान स्वरुप पुरस्कार प्रदान गर्ने ।

**कृषि / पशुविकास तर्फ:**

- एक वडा एक उत्पादनको निति लिदै जाने ।
- वडा नं. १ को कोटाटारमा तरकारी खेती र बाख्रापालनको पकेट क्षेत्रको रुपमा विकास गर्ने ।
- वडा नं. ५ को देवघाट साँढेवगरमा तरकारी खेती र बाख्रापालनको पकेट क्षेत्रको रुपमा उत्पादन गर्ने ।
- आगामी हिउँदमा प्रत्येक वडाहरुमा पशु स्वास्थ्य शिविर र माटो जाँच शिविर सञ्चालन गर्ने ।
- सार्वजनिक, ऐलानी जग्गाहरुमा प्रत्येक वडामा संरक्षणका लागि नर्सरी उत्पादन गर्दै जाने निति लिने । कुनै व्यक्तिलाई निश्चित
- विऊ पूँजी तालिम प्रदान गरिकन नर्सरी उत्पादन केन्द्रको रुपमा विकास गर्दै जाने ।

युवा तर्फः

- प्रत्येक वडाबाट ५/५ जानाको महिला र पुरुषहरुको सहभागितामा आधारभुत पत्रकारिता तालिम सञ्चालन गर्ने ।
- युव उद्धमीहरुको लागि बैंकमा १ करोड रुपैंयाको बिऊ पूँजीको रुपमा कोष खडा गरि सहुलियत दरमा व्यावसायिक कर्जा उपलब्ध गराउने नीति लिइनेछ ।

विद्धुतिकरण तर्फः

- प्रत्येक वडामा विद्धुत आपुर्तिका लागि सम्बन्धित निकायमा आवश्यक व्यवस्थाका लागि माग गर्ने ।

**खेलकुद तर्फः**

- एक वडा एक रंगशालाको निति लिने । जसको लागि गाउँपालिका स्तरिय र वडा स्तरिय रुपमा व्यवस्था गर्ने । जसमा वडा नं. १ मा कोटाटारमा गाउँपालिका स्तरिय रंगशाला निर्माण गर्ने ।
- वडा नं. २ को सर्वोदय आधारभुत निमाविमा खेल मैदानको व्यवस्थापन गर्ने ।
- वडा नं. ३ को लुङग्रीनमा रंगशालाको व्यवस्थापन गर्ने ।
- वडा नं. ५ को सेती भतेरीमा रंगशालाको निर्माण गर्ने ।
- देवघाट ५ को भर्जङ खोलामा फुटबल ग्राउण्डको निर्माण गर्ने ।
- टुक्रे योजनातर्फः
- पहिले आउनेलाई ग्राह्यता दिने निति लिइनेछ । जसको लागि निश्चित रकम विनियोजन गरिनेछ ।

**पूर्वाधार तर्फः**

- सडक निर्माणलाई उच्च प्राथमिकता दिई बजेट विनियोजन र आयोजना संचालन गर्ने ।
- शालिग्राम कोरिडोर मार्गमा पर्ने बञ्चरे पहाडको ट्रयाक खोल्ने कार्यलाई पहिलो प्राथमिकतामा राख्ने र अन्य पूर्वाधारहरुलाई माग र आवश्यकताका आधारमा संचालन गर्दै जाने नीति लिइनेछ ।
- वडा नं. १ र ५ मा उपयुक्त ठाउँको छनौट गरि बसपार्क व्यवस्थापन गर्ने ।

- देवघाट ५ मा नयाँबस्तीमा बसपार्कको व्यवस्थापन गर्ने ।
- पार्क/उद्ध्यान निर्माण:
- देवघाट ५ को किहुदी खर्कमा पार्क निर्माण गर्ने ।
- गाईघाटको बाटो खोल्नको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।

**<u>माग तर्फ:</u>**

- देवघाट १ वसेनीमा (भुजेल गाऊँमा) तटबन्धका लागि तारजाली व्यवस्थापन गर्ने ।
- देवघाट ४ मोहरियामा भु-संरक्षण कार्यालयसँग पहिरो नियन्त्रणका लागि माग गर्ने ।
- पक्कीपुल तर्फ
  - देवघाट ४ गाइघाट
  - देवघाट १ कोटाटार
  - देवघाट २ खाल्टे
  - देवघाट २ मास्तीघाट
  - देवघाट ३ साराङ्घाट
  - देवघाट ३ नाल्दीघाट
- झोलुङ्गेपुल तर्फ
  - देवघाट वडा नं. ४ को ऐलनमा र वडा नं. २ को लागि जिल्ला प्राविधिक कार्यालयमा माग गर्ने

**<u>सुरक्षा नीति तर्फः</u>**

- छिपछिपे र काफलडाँडामा प्रहरी चौकीको माग गर्ने ।
- इप्रका देवघाटमा पूर्ण दरबन्दी र स्तरोन्नती गर्ने ।
- देवघाटको पुल र दासढुङ्गामा प्रहरी विट राख्ने ।
- वडा नं. १ मा गस्तीको व्यवस्था गराउने ।
- देवघाट क्षेत्र देवघाट ५ मा सामुदायिक प्रहरी स्थापनाका लागि माग गर्ने ।

## वित्तिय समानिकरण अनुदानको पूँजिगत बजेट अन्तर्गतका वार्षिक कार्यक्रमहरू:

- मशिनरी खरिद तर्फ – रु.२ करोड ५० लाख
- शिक्षा तर्फ - रु.१० लाख
- स्वास्थ्य तर्फ – रु.१० लाख
- कृषि तथा पशु सेवा – रु.१० लाख
- सहकारी प्रबर्द्धन – रु.१० लाख
- युवा लक्षित कार्यक्रम – रु.१ करोड १० लाख
- वझ्रे पहाड + सडक – रु.२० लाख
- पर्यटन क्षेत्र तर्फ – रु.१० लाख
- सामाजिक विकास शाखा – रु.१० लाख
- प्राकृतिक श्रोत व्यवस्थापन शाखा – रु.१० लाख
- राजश्व / लेखा शाखा – रु.५ लाख
- आवधिक योजना / गाउँ प्रोफाईल / पुर्ण सरसफाई / खानेपानी / पर्यटन गुरुयोजना / सडक गुरुयोजना / भवन मापदण्ड / खरिद योजना निर्माण / सम्भाव्यता तर्फ – रु.८० लाख
- टुक्रे योजना (पहिले आउनेलाई पहिले सम्झौता गर्ने) – रु.४० लाख
- विपद व्यवस्थापन – रु.३ लाख
- स्वयंसेवक १० जनालाई परिचालन – रु.१० लाख ८० हजार
- अध्यक्ष / उपाध्यक्षको सहयोगीका लागि – रु.६ लाख
- तालिम / प्रतिनिधीको क्षमता विकास / अन्य तालिम – रु.१० लाख
- सामुदायिक प्रहरी – रु.२ लाख
- वडागत आयोजनातर्फ – रु.१ करोड ५० लाख
- Matching Fund (समपुरक कोष) – रु.५० लाख

- प्रत्येक वडामा नर्सरी स्थापन – रु. ५ लाख
- वसपार्क देवघाट वडा नं. ५ / पार्क रंगशाला – रु.५० लाख
- सम्मान / दिवस समारोह – रु.१० लाख
- वडा कार्यालय व्यवस्थापन – रु.२० लाख
- लक्षित कार्यक्रम तथा सामाजिक, आर्थिक, भौतिक पूर्वाधार – रु.२ करोड २ लाख ३८ हजार

प्रमाणित गर्ने
नाम: नारायण प्रसाद चापागाईं
पद: कार्यकारी अधिकृत
०८१/३/२८

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
४ नं. प्रदेश, नेपाल
२०७३

कार्यकारी अधिकृत